## मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि, २०७६

**प्रस्तावनाः**

दिनानुदिन फस्टाउदै गएको मत्स्यपालन व्यवसायलाई सुदृढ गरी प्राणीजन्य प्रोटिनको उपलब्धता बढाउँदै खाद्य सुरक्षा सुनिश्चित गर्न र गण्डकी प्रदेशमा तुलनात्मक रुपमा कम रहेको प्रति व्यक्ति प्रति वर्ष माछाको उपलब्धता बढाउनका लागि मत्स्य विकास सम्वन्धि स्वीकृत वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "मत्स्य विकास कार्यक्रम संचालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले मत्स्य विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने मत्स्य विकास केन्द्र, विज्ञ केन्द्र वा निर्देशनालयलाई सम्झनु पर्छ।

(ख) "निर्देशनालय" भन्नाले गण्डकी प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(ग) "प्रमुख" भन्नाले निर्देशनालयको वा विज्ञ केन्द्रको वा मत्स्य विकास केन्द्रको प्रमुख सम्झनु पर्छ।

(घ) "मत्स्य विकास केन्द्र" भन्नाले मत्स्य विकास केन्द्र, मिर्मी सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(छ) "विज्ञ केन्द्र" भन्नाले मन्त्रालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

### परिच्छेद २
### कार्यक्रम संचालन

३. **कार्यक्रम संचालन प्रक्रियाः**(१) कार्यालयको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार मत्स्य पोखरी निर्माण, मत्स्य स्रोत केन्द्र विकास, केज अनुदान लगायतका मत्स्य विकास सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्न कार्यालयले अनुसूची १ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) कार्यक्रममा सहभागी हुन इच्छुक आवेदक(फर्म/कम्पनी/समुह/सहकारी) ले सूचनामा तोकिएको समय भित्र अनुसूची २ बमोजिमको ढाँचामा आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ।

(३) निवेदन साथ अनुसूची ३ अनुसारको कार्ययोजना र अनुसूची ४ अनुसारको प्रतिवद्धता पत्र समेत पेश गर्नु पर्नेछ।

(४) निवेदनहरु रितपुर्वक भए नभएको यकिन गरि रितपुर्वक पेश भएका निवेदनहरु अनुसूची ५ अनुसार मूल्याङकन गर्ने कार्य दफा ४ अनुसारको छनौट तथा मूल्याङ्कन समितिले गर्नेछ।

(५) अनुदानग्राहीको छनौट तथा मूल्याङ्कनका लागि समितिले स्थलगत अनुगमन गर्नु पर्नेछ।

(६) छनौट तथा मुल्याङ्कन समितिले मूल्याङ्कन गरी अन्तिम छनौट तथा स्वीकृतिको लागि आवेदकहरुको क्रमानुगत सूची प्रमूख समक्ष पेश गर्नुपर्नेछ।

(७) प्रमूखले अन्तिम छनौट स्वीकृत गरी सम्झौता गर्न आउने अन्तिम मिति खुलाई अनुदानका लागि छनौट भएका आवेदकको नामावली कार्यालयको सूचना पाटीमा टाँस गर्ने तथा कार्यालयको वेबसाईटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) छनौट भएका अनुदानग्राहीसँग कार्यालयले अनुसूची ६ बमोजिम सम्झौता गर्नेछ।

## परिच्छेद ३

## छनौट तथा मूल्याङ्कन र अनुगमन सम्वन्धी व्यवस्था

४. <u>छनौट तथा मूल्याङ्कन समितिः</u> (१) आवेदनहरुको छनौट तथा मूल्याङ्कनका लागि देहाय बमोजिमको समिति रहनेछ।

**क) निर्देशनालयबाट संचालन हुने कार्यक्रमहरुको लागिः**

| | |
|---|---|
| शाखा प्रमुख, मत्स्य विकास शाखा (निर्देशनालय) | संयोजक |
| अधिकृत प्रतिनिधि (पशुपन्छी विकास महाशाखा, मन्त्रालय) | सदस्य |
| मत्स्य विकास अधिकृत (निर्देशनालय) | सदस्य-सचिव |

सचिव

**ख) विज्ञ केन्द्रबाट संचालन हुने कार्यक्रमहरुको लागिः**

| | |
|---|---|
| शाखा प्रमुख, पशु विकास तथा प्रविधि प्रसार शाखा (विज्ञ केन्द्र) | संयोजक |
| प्राविधिक प्रतिनिधि (निर्देशनालय) | सदस्य |
| मत्स्य विकास अधिकृत वा प्रमुखले तोकेको प्राविधिक (विज्ञ केन्द्र) | सदस्य-सचिव |

**ग) मत्स्य विकास केन्द्रबाट संचालन हुने कार्यक्रमहरुको लागिः**

| | |
|---|---|
| मत्स्य विकास अधिकृत (मत्स्य विकास केन्द्र) | संयोजक |
| अधिकृत प्रतिनिधि (निर्देशनालय) | सदस्य |
| प्रमुखले तोकेको प्राविधिक (मत्स्य विकास केन्द्र) | सदस्य-सचिव |

(२) उपदफा (१) को क, ख र ग बमोजिमको समितिमा तोकिएको पदाधिकारी नभएको अवस्थामा प्रमुखले सम्वन्धित अन्य कर्मचारीलाई समिति पदाधिकारीको रुपमा तोक्न सक्नेछ।

५. यस कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशानालय तथा सम्बन्धित विज्ञ केन्द्रले गर्न सक्नेछ।

## परिच्छेद ४
## आर्थिक कार्यविधि

६. **अनुदान रकमः** (१) कार्यालयले अनुदानग्राहीलाई प्रति इकाई लागतको ५० प्रतिशत नबढ्ने गरी पोखरी निर्माण सहयोग, स्रोत केन्द्र विकास सहयोग र पोखरी सुदृढीकरण सहयोगका लागि बढीमा क्रमशः रु. २०,०००।–, २५,०००।– र २,५००।– प्रति रोपनीका दरले अनुदान रकम उपलव्ध गराउनेछ।

(२) केज वितरण कार्यक्रमका लागि छनौट भएका लाभग्राहीलाई कार्यालयले केज खरिद गरी वितरण गर्नेछ।

(३) पुँजीगत तर्फको अनुदान रकमको ४ प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टा गरिनेछ।

७. **भुक्तानी प्रक्रियाः** (१) अनुदानग्राहीले सम्झौता अनुसारको कार्य सम्पन्न गरिसकेपछि विल भरपाई सहित अनुदान रकम भुक्तानीका लागि सम्वन्धित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) अनुसारको निवेदन प्राप्त भए पश्चात कार्यालयले आवश्यकता अनुसार मन्त्रालय/निर्देशनालय/ विज्ञ केन्द्र/मत्स्य विकास केन्द्र सम्मिलित अनुगमन टोलीबाट अनुगमन गराउनु पर्नेछ। अनुगमन टोलीको सिफारिसको आधारमा अनुदानग्राहीलाई बैंक खाता मार्फत रकम भुक्तानी गर्नु पर्नेछ।

(३) अनुदानग्राहीले प्राप्त गरेको अनुदानको उपयोग उद्देश्य र सम्झौता बमोजिम नगरेमा अनुदान बराबरको रकम अनुदानग्राहीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद ५
## विविध

८. **कार्यविधिको संशोधन तथा व्याख्याः** (१) यो कार्यविधिको व्यवस्थित र प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले आवश्यकता अनुसार थपघट र परिमार्जन गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने कार्य मन्त्रालयले गर्नेछ र मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

९. **प्रचलित कानुन बमोजिम हुनेः** कार्यविधिमा लेखिएका कुरा यसै कार्यविधि बमोजिम हुने र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ। कार्यविधिमा लेखिएका कुराहरू प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ।

## अनुसूची – १

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

### मत्स्य विकास कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा

### सूचना । सूचना ।। सूचना ।।।

यस निर्देशनालय/विज्ञ केन्द्र/मत्स्य विकास केन्द्रको आर्थिक बर्ष २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय वमोजिमका कार्यक्रमहरु रहेको हुँदा कार्यक्रम संचालन गर्न ईच्छुक गण्डकी प्रदेशमा व्यवसाय गर्ने नेपाली नागरिकहरुबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा सम्वन्धित कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>अनुदान रकम(.रु)</th><th>आवश्यक कागजातहरु</th></tr>
<tr><td>१</td><td>पोखरी निर्माण सहयोग</td><td>इकाई लागतको ५० प्रतिशत नबढ्ने गरी बढीमा रु. २०,००० प्रति रोपनी</td><td rowspan="4">१. रु. १० को टिकट टाँसेको अनुसूची २ अनुसारको आवेदन।<br>२. नेपाली नागरिकताको प्रतिलिपी।<br>३. जग्गाधनी पुर्जा वा करारमा लिएको भए कम्तीमा ५ बर्ष सम्मको करार पत्र।<br>४. अनुसूची ४ अनुसारको कम्तिमा ५ बर्षसम्म प्रस्तावित व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र।<br>५. निवेदकको सम्वन्धित विषयको तालिम तथा शैक्षिक योग्यताको प्रतिलिपी।<br>६. अनुसूची ३ बमोजिमको कार्ययोजना।<br>७. संघ/संस्था भए सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र र नवीकरणको प्रतिलिपी।<br>८. स्थायी लेखा नम्बर र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी।</td></tr>
<tr><td>२</td><td>श्रोत केन्द्र विकास सहयोग</td><td>इकाई लागतको ५० प्रतिशत नबढ्ने गरी बढीमा रु. २५,००० प्रति रोपनी</td></tr>
<tr><td>३</td><td>पोखरी सुदृढीकरण सहयोग</td><td>इकाई लागतको ५० प्रतिशत नबढ्ने गरी बढीमा रु. २,५०० प्रति रोपनी</td></tr>
<tr><td>४</td><td>केज वितरण</td><td>केज उपलब्ध गराइने</td></tr>
</table>

## अनुसूची – २

(दफा ३ को उपदफा(२) संग सम्बन्धित)

**आवेदकले पेश गर्ने निवेदन पत्रको ढाँचा**

| |
|---|
| रु. १० को टिकट |

श्रीमान् निर्देशक/प्रमुखज्यू

...................

**विषयः अनुदान सहयोग बारे।**

त्यस कार्यालयको मिति ................. को सूचना अनुसार मत्स्य विकास कार्यक्रम अन्तर्गत पोखरी निर्माण/पोखरी सुदृढीकरण/केज अनुदान/ श्रोत केन्द्र विकास कार्यक्रमबाट सहयोग पाउँ भनी तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

**तपसिलः**

१. नेपाली नागरिकताको प्रतिलिपी।

२. जग्गाधनी पुर्जा वा करारमा लिएको भए कम्तीमा ५ बर्ष सम्मको करार पत्र।

३. अनुसूची ४ अनुसारको कम्तिमा ५ बर्षसम्म प्रस्तावित व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र।

४. निवेदकको सम्वन्धित विषयको तालिम तथा शैक्षिक योग्यताको प्रतिलिपी।

५. अनुसूची ३ बमोजिमको कार्ययोजना।

६. संघ/संस्था भए सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र र नवीकरणको प्रतिलिपी।

७. स्थायी लेखा नम्बर र कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी।

८. सम्बन्धित स्थानिय तह वा वार्डको सिफारिस

**निवेदन पेश गर्नेकोः**

नाम थरः

फर्म/कम्पनी/समुह/सहकारीको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः २०...../......./.......

| |
|---|
| छाप |

## अनुसूची – ३

(दफा ३ को उपदफा (३) संग सम्बन्धित)

**कार्य योजना (प्रस्ताव) को ढाँचा**

१. निवेदकको नाम थरः

२. फर्म/कम्पनी/समुह/सहकारीको नामः

३. परियोजना स्थलको ठेगानाः

४. स्थायी लेखा नं.:

५. सम्पर्क नं.:

६. परियोजनाको क्षेत्रफलः

५. आवेदकको मत्स्यपालन सम्वन्धि अनुभवः

६. अन्य संघसस्थाबाट वित्तीय सहयोग/ऋण लिएको भए रकम र प्रयोजन खुलाउनेः

७. प्रस्ताव पेश गरेको कार्यालयको नामः

८. व्यवसायको हालको अवस्थाः

| पोखरीको किसिम | संख्या | कुल जलाशयको क्षेत्रफल (रोपनी) | अनमानित लागत (रु) | वार्षिक उत्पादन (टन) | वार्षिक आम्दानी | पानीको स्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| जम्मा | | | | | | |

९. व्यवसायमा भईरहेको प्रविधिको प्रयोगः

१०. व्यवसाय विस्तार र भावी योजना (के के कार्यहरु गर्ने हो विस्तृत रुपमा उल्लेख गर्नेः

१०. डिलको उपयोगः

**प्रस्तावकको**

नामथरः

संस्थाको छाप (संस्थाको हकमा):

ठेगानाः

दस्तखतः

मितिः

## अनुसूची – ४

(दफा ३ को उपदफा (३) संग सम्बन्धित)

**<u>प्रतिवद्धता पत्र</u>**

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र/मत्स्य विकास केन्द्रको मिति २०....../....../..... को सूचना अनुसार पोखरी निर्माण/पोखरी सुदृढीकरण/केज अनुदान/श्रोतकेन्द्र विकास गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु। पेश गरेको कार्ययोजना अनुसारको कार्य कम्तीमा पाँच वर्ष सम्म संचालन गर्ने प्रतिवद्धता जनाउँदछु। साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र संचालित क्रियाकलापहरुबाट वातावरणलाई असर नपुर्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु।

नामथरः

संस्था भए संस्थाको नामः

ठेगानाः

दस्तखतः

मितिः

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

संस्थाको छापः

इति सम्वत् २०...... साल ....... महिना ....... गते ..... रोज शुभम्।

## अनुसूची – ५

(दफा ३ को उपदफा (५) संग सम्बन्धित)

**पोखरी निर्माण/पोखरी सुदृढीकरण/श्रोतकेन्द्र विकासका लागि मूल्यांकन फारम**

| मूल्यांकनका आधार | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|
| १. नयाँ पोखरी निर्माण/पोखरी सुदृढीकरण गर्ने पोखरीको साईज | २० | |
| • १० रोपनी भन्दा बढी | २० | |
| • ५-१० रोपनी | १० | |
| • ५ रोपनी भन्दा कम | ० | |
| २. प्रस्तावमा उल्लेखित मत्स्यपालनको सघनता | २० | |
| • एरियसन र पेलेट दाना प्रयोग हुने | २० | |
| • एरियसन र पेलेट दाना मध्य एक प्रयोग हुने | १५ | |
| • नियमित दाना प्रयोग हुने | १० | |
| ३. डिलको सुदुपयोगिता | २० | |
| • पूर्ण रुपमा पोखरीको डिलको सुदुपयोग भएको | २० | |
| • आंशिक रुपमा पोखरीको डिलको सदुपयोग भएको | १० | |
| • पोखरीको डिलको सुदुपयोग नहुने | ० | |
| ४. अधिकतम उत्पादकत्व अभिवृद्धि गर्ने नौलो सोच सहितको आयोजना | २० | |
| • माछा पालन सहित पर्यटन | १० | |
| • जिंउदो माछा बिक्री स्टल | १० | |
| ५. मत्स्यपालन सम्बन्धी तालिम | १० | |
| • १ हप्ते वा सो भन्दा माथिको तालिम | १० | |
| • ३ दिने तालिम | ५ | |
| • तालिम नलिएको | ० | |
| ६. कृषि सेवा सम्बन्धी शैक्षिक योग्यता | १० | |
| • स्नातक वा सो भन्दा माथि | १० | |
| • प्रमाण पत्र तह | ६ | |
| • टि.एस.एल.सी. | ४ | |

## अनुसूची – ६

(दफा ३ को उपदफा (८) संग सम्बन्धित)

**<u>पोखरी निर्माण/ पोखरी सुदृढीकरण/ श्रोत केन्द्र विकासको लागि गरिने सम्झौता– पत्र</u>**

श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ............/ मत्स्य विकास केन्द्र, मिर्मी (यस पछि पहिलो पक्ष भनिने) र .................. जिल्ला ........................ .......... पालिका वडा नं. .........का श्री ........................................ (यस पछि दोश्रो पक्ष भनिने) बीच पोखरी निर्माण/ पोखरी सुदृढीकरण/ श्रोतकेन्द्र विकासको लागि तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही यो सम्झौता–पत्रमा हस्ताक्षर गरी लियौं दियौं।

<u>तपसिल</u>

(१) पहिलो पक्षले पोखरी निर्माण/ पोखरी सुदृढीकरण/ श्रोत केन्द्र विकासको लागि दोस्रो पक्षलाई रु. .......................... (अक्षरुपी ..................................................) बराबरको अनुदान रकम उपलव्ध गराउनेछ। अनुदान रकम उपलव्ध गराउँदा पूँजीगत खर्च तर्फ अनुदान प्राप्त गर्ने रकमको चार प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टा गरिनेछ।

(२) दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सल्लाह एवम् सुझाव लिई मिति .......................... सम्ममा कार्य सम्पन्न गर्नु पर्नेछ।

(३) दोश्रो पक्षले कार्य सम्पन्न गरी आवश्यक बिल भरपाई सहित भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ। दोस्रो पक्षबाट भुक्तानीका लागि निवेदन प्राप्त भएपछि पहिलो पक्षले कार्य सम्पन्न भए नभएको यकिन गर्न प्राविधिक खटाई स्थलगत अनुगमन पछि प्राविधिकले पेश गरेको कार्यप्रगति प्रतिवेदनका आधारमा पहिलो पक्षले अनुदान रकम भुक्तानी व्यवस्था मिलाउनेछ।

(४) पहिलो पक्षले प्रस्ताव बमोजिमको नियमित व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछ ।

(५) यस सम्झौतामा उल्लेखित कार्य गर्दा कुनै प्राकृतिक प्रकोप र भवितव्यबाट हुनसक्ने क्षति प्रति पहिलो पक्ष जिम्मेवार हुने छैन।

(६) दोश्रो पक्षले व्यवसायको बीमा गरेको हुनु पर्नेछ।

(७) यस सम्झौतामा हेरफेर गर्नुपरेमा दुवै पक्षको समझदारीमा र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

<u>पहिलो पक्षको तर्फबाट</u>

नामथरः

पदः

दस्तखतः

मितिः

<u>दोश्रो पक्षको तर्फबाट</u>

नामथरः

पदः

दस्तखतः

मितिः